नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र
टेकु, काठमाडौं

## ३३ औं विश्व एड्स दिवस २०७७ (डिसेम्बर १, २०२०)

# प्रेस विज्ञप्ति

**काठमाडौं, २०७७ मंसिर १५ गते:** विश्वव्यापी महामारीको रुप लिएको एचआईभी तथा एड्स विगत तीन दशकदेखि निरन्तर जनस्वास्थ्य, सामाजिक तथा आर्थिक लगायतका क्षेत्रहरुको निम्ति चुनौतीको रुपमा रहेको छ । सन् २०१९ को अन्त्य सम्म संसारभर ३ करोड ८० लाख व्यक्तिहरूमा एचआईभी संक्रमण भएको अनुमान गरिएको छ भने **नेपालमा २९ हजार ५०३ जनामा एचआईभी संक्रमण भएको अनुमान छ ।** ती मध्ये पुरुषको संख्या १७ हजार ५८७ र महिलाको संख्या ११ हजार ९१६ रहेको छ । **नेपालका वयस्क (१५-४९ वर्षको उमेर समुह) जनसंख्यामा एचआईभीको व्याप्तता दर ०.१३ प्रतिशत रहेको छ ।** नेपालमा करिब **८० प्रतिशत एचआईभी संक्रमण** असुरक्षित यौन सम्पर्कको माध्यमबाट सरेको पाइएको छ । नेपालको वर्तमान एचआईभीको अवस्थालाई केन्द्रीकृत महामारी (Concentrated epidemic) को रुपमा परिभाषित गरिएको छ । यसको अर्थ, **एक वा सो भन्दा बढी एचआईभी सर्नसक्ने जोखिममा रहेका समूहमा** एचआईभी संक्रमण दर ५ प्रतिशत भन्दा बढी तर सामान्य जनसंख्यामा एचआईभी संक्रमण दर १ प्रतिशत भन्दा कम हुनु हो । नेपालमा एचआईभी संक्रमणको उच्च जोखिममा रहेका समुहहरु जस्तै: सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरु, यौनकर्मी, पुरुष समलिगीं तथा तेस्रोलिगीहरु, रोजगारीका लागि विदेशिनेहरु र जेलका कैदीहरु हुन् । **सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरु र पुरुष समलिंगी यौनकर्मीहरुमा एचआईभी संक्रमणको दर अरु जोखिममा रहेका समूह भन्दा उच्च छ ।**

सन् २०१० देखि सन् २०१९ सम्ममा विश्वब्यापी २३ प्रतिशतले नयाँ संक्रमण घटेको छ र त्यसै गरी बच्चाहरुमा ५२ प्रतिशतले नयाँ संक्रमण कम भएको छ । सन् २०१० देखि २०१९ सम्ममा एड्सको कारणले हुने मृत्यु ३९ प्रतिशतले घटेको छ । सन् २०१९ सम्ममा कुल एचआईभी संक्रमित मध्ये ६७ प्रतिशत (२ करोड ५४ लाख) मात्र एआरभी उपचारमा छन् । सन् २०२० जुलाई (वि.स.२०७७ असार मसान्त) सम्ममा नेपालको कुल एचआईभी संक्रमित मध्ये १९ हजार ४१० जना (६६ प्रतिशत) मात्र एआरभी उपचारमा छन् । यसै गरी सन् २०१० को तुलनामा सन् २०१९ सम्ममा नेपालमा नयाँ संक्रमण ६४ प्रतिशतले घटेको छ र बच्चाहरुमा ८५ प्रतिशतले नयाँ संक्रमणमा कमी आएको छ । यसैगरी एड्सको कारणले मृत्यू हुने संख्या ८५ प्रतिशतले (२०१०-२०१९) घटेको छ । सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यका साथ एचआईभी तथा एड्स सम्बन्धि कार्यक्रमहरु संचालन भइरहेका छन् । **नेपालमा एचआईभी तथा एड्स सम्बन्धि कियाकलापहरु राष्ट्रिय एचआईभी रणनीतिक योजना २०१६-२०२१ ले निर्देश गरे अनुरुप संचालित छन् ।**

समानता तथा भेदभाव रहित सेवाको निर्देशक सिद्धान्तलाई आधार मानि सम्पूर्ण एचआईभी संक्रमितहरुलाई निशुल्क औषधि वितरण कार्य नेपालमा ८० वटा ए.आर.टी. केन्द्रहरु र २० वटा ए.आर.भी. औषधि वितरण केन्द्रहरुबाट भइरहेको छ । साथै यस केन्द्रद्वारा निशुल्क रुपमा एचआईभी संक्रमितहरुलाई दिएइने एआरटि उपचारलाई अझै गुणस्तरीय, प्रभाबकारी र एचआईभी संक्रमण घटाउन, पुरानो Regimen TLE (Tenofovir, Lamivudine/Efavirenz) लाई परिवर्तन गरी वि.स. २०७७ साल जेठ महिनाबाट नेपालमा एआरटिको नयाँ Regimen TLD (Tenofovir, Lamivudine and Dolutegravir) को शुरुवात गरिएको छ । यस कार्यमा सहयोग गर्नु हुने सम्पूर्ण सरोकारवालाहरुमा राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र हार्दिक आभार व्यक्त गर्दछ ।

सामाजिक, मनोवैज्ञानिक एवं आर्थिक पक्षलाई ध्यानमा राखी एचआईभी संक्रमित व्यक्तिहरुलाई समुदाय तथा घरमा आधारित सेवा सुबिधा प्रदान गरिदै आइरहेको छ । देश भरि १८५ एचआईभी परामर्श तथा परिक्षण केन्द्रहरुबाट निशुल्क रुपमा एचआईभी परामर्श तथा परिक्षण कार्य भइरहेको छ । उच्च जोखिममा रहेका समुहहरु (यौनकर्मी, तेस्रो लिंगी ,सुईद्वारा लागू पदार्थ लिने व्यक्तिहरु, कैदी बन्दीहरु, आप्रवासी) लाई सम्बन्धित समुहको नेतृत्वमा समुदायमा आधारित एचआईभी परिक्षण कार्य (Community Led Testing) भइरहेको छ । एचआईभी संक्रमित आमाबाट जन्मिने बच्चामा संक्रमण सर्न नदिनको लागि गर्भावस्थामा आमाको एचआईभीको अवस्था समयमा नै पहिचान गर्ने र उपचार गर्नको लागि देश भरिका प्रसुती केन्द्रहरुमा यो सेवा निशुल्क रुपमा उपलब्ध भइरहेको छ । एचआईभी संक्रमित १८ बर्ष मुनिका बालबालिकाहरुलाई तिनीहरुको पोषण र शिक्षाको लागि प्रति व्यक्ति मासिक रु १००० प्रदान गरिदै आइरहेको छ । एचआईभी संक्रमित र तिनीहरुका परिवारका लागि निशुल्क स्वास्थ्य बिमा कार्यक्रम लागू गरिएको छ । एचआईभी संक्रमित बालबालिकाहरुको लागि पौष्टिक आहार वितरण गर्ने कार्य भइरहेको छ । कैदि बंदिहरुलाई टी.बी. तथा एचआईभीको सेवामा पहुँच बढाउने र त्यस सम्बन्धमा हुने भेदभाव र लान्छना न्यूनीकरण गराउने कार्यक्रम संचालन भइरहेको छ । रोजगारका लागि बिदेश जाने व्यक्तिहरु र उनीहरुका परिवारका लागि टी.बी. तथा एचआईभीको सेवामा पहुँच बढाउने कार्यक्रम संचालन भइरहेको छ ।

**विश्व एड्स दिवस २०२०**

एचआईभीबाट प्रभावित मानिसहरुलाई नैतिक समर्थन देखाउन र एड्सबाट ज्यान गुमाएकाहरुलाई सम्झनको लागि विश्वभरका व्यक्तिहरु एकजुट भै वृहत्त रूपमा जनचेतना जगाउने अभिप्रायले सन् १९८८ देखि हरेक वर्ष डिसेम्बर १ तारिखका दिन विश्व एड्स दिवस मनाउने गरिन्छ । सन् २०२० मा विश्वको ध्यान विश्वब्यापी महामारीको रुपमा रहेको कोभिड-१९ को असर र यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्नेमा केन्द्रित छ । मानव स्वास्थ्यलाई असमानता, मानव अधिकार, लैंगिक समानता, सामाजिक सुरक्षा र आर्थिक बृद्धि जस्ता महत्वपूर्ण

नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र,
टेकु, काठमाडौं

मुद्दाहरूसँग जोडिएको छ । यी समसामयिक कुरालाई ध्यानमा राख्दै यस बर्ष विश्व एड्स दिवसको नारा **"एचआईभी नियन्त्रण तथा रोकथामको लागि विश्वव्यापी ऐक्यवद्धता तथा साझा जिम्मेवारी"** (Global Solidarity, Shared Responsibility) राखिएको छ ।

कोभिड-१९ महामारीले एचआईभी संक्रमित र एचआईभी सर्न सक्ने जोखिममा रहेका समूहहरुलाई स्वास्थ्य सेवाको पहुँचमा अझ् अप्ठ्यारा र चुनौती सिर्जना गरेको छ । यस्ता चुनौतीहरुलाई अवसरको रुपमा लिएर एचआईभी सम्बन्धि कार्यक्रमलाई सुव्यवस्थित ढंगले कार्यन्वयन गर्नको लागि अभिप्रेरित पनि गरेको छ त्यसैले सरकार, विभिन्न दाताहरू, नागरिक समाज सबैले एचआईभी कार्यक्रमलाई थप प्रभावकारी बनाउन आ-आफ्नो ठाउँबाट थप योगदान एवं प्रतिबद्धता जाहेर गर्नु पर्ने देखिएको छ ।

यस वर्षको नारा **"एचआईभी नियन्त्रण तथा रोकथामको लागि विश्वव्यापी ऐक्यवद्धता तथा साझा जिम्मेवारी"** ले हामीलाई अन्य स्वास्थ्य समस्याहरुसंगै एचआईभीलाई पनि नया ढंगबाट हेर्नु पर्छ भन्ने आवश्यकता महशुस गराएको छ। यसले विश्वलाई यी कुराहरुको सुनिश्चितता गर्नुपर्ने विषयमा जोड दिन्छ।

**क. स्वास्थ्य सेवामा बजेट बिनियोजन थप गर्नुपर्ने**: सम्पूर्ण देशका सरकारहरु एकजुट भई स्वास्थ्य सेवा तथा एचआईभी रोकथाम कार्यक्रमको लागि यथेष्ठ बजेटको सुनिस्चितता गर्नुपर्छ।

**ख. स्वास्थ्य सेवा थप सुदृढ गर्नुपर्ने** : विगत केही दशकहरूमा भएको एचआईभी कार्यक्रममा गरिएको लगानीले स्वास्थ्य प्रणालीलाई सुदृढ पार्न मद्दत पुऱ्याएको छ र फलस्वरूप कोभिड-१९ व्यवस्थापनमा पनि सहयोग भएको पाईएको छ। तर स्वास्थ्य प्रणालीलाई थप सुदृढीकरण गर्न र स्वास्थ्यकर्मीहरुलाई थप सुरक्षा दिन अझ बढी कार्यहरू गर्न आवश्यक देखिन्छ ।

**ग.स्वास्थ्य सेवामा सबैको पहुँच सुनिस्चित हुनुपर्ने**: मान्छेको जीवन बचाउने महत्वपूर्ण औषधी, भ्याक्सिन एवं अन्य निदानात्मक कार्यलाई सार्वजनिक सम्पत्तिको रूपमा लिनु पर्दछ । कुनै पनि व्यक्ति, समुदाय स्वास्थ्य सेवाको पहुँचमा पछाडि नहोस् भनेर विश्वव्यापी ऐक्यबद्धता र साझा जिम्मेवारी हुनु पर्दछ।

**घ. मानव अधिकारको सम्मान हुनुपर्ने** : मानव अधिकारको दृष्टिकोणले कार्यक्रमहरु गर्दा स्वास्थ्यमा दिगो नतिजा ल्याउन सकिन्छ। कोभिड-१९ ले कसरी जोखिम समुहहरु अझै पनि विश्वका विभिन्न कुनाहरूमा पछाडी छोडिएका रहेछन् भन्ने कुरा उजागर गरेको छ।

**ङ. महिला, किशोरीहरु र लैंगिक समानता हरेक सेवाको केन्द्र बिन्दुमा हुनु पर्ने** : कोभिड-१९ ले महिलाहरुको जीविकोपार्जनमा ठुलो असर परेको छ , जसलाई बन्दाबन्दीको अवस्थाले अझै ठुलो प्रभाब पारेको पाइएको छ फलस्वरूप घरेलु हिंसा बढेको छ। विश्वले अहिले सम्म लैंगिक समानतामा हासिल गरेको सफलतालाई अलिकति पनि गुमाउन नदिनको लागि महिला र किशोरीहरुलाई उनीहरुको जीवनलाई प्रभाव पार्ने निर्णय प्रक्रियामा प्रत्यक्ष संलग्न गर्नुपर्छ।

**अन्त्यमा**

विश्वमा एचआईभी पत्ता लागेको ३९ वर्ष पुगिसकेको छ भने विश्व एड्स दिवस मनाउन थालेको ३२ वर्ष भइसकेको छ। नेपाल लगायत विश्वब्यापीरूपमा नै एचआईभीको नयाँ संक्रमण घट्दै गइरहेको छ भने हेरचाह र सहयोग लगायत एआरभी औषधि उपचारमा समेत पहुँच बढ्दै गएर एड्सको कारणबाट हुने मृत्युमा पनि कमी आएको छ। अहिले कोभिड-१९ ले गर्दा भएको बन्दाबन्दीको विषम परिस्थितिमा पनि सेवाग्राहीहरुलाई अटुट रुपमा एआरटि नियमित रुपमा घर-घरमै पुर्याउन सहयोग गर्नु हुने सम्पूर्ण संघ संस्थाहरू र सेवामा खटिनुभएका व्यक्तिहरूको योगदान उल्लेखनीय र अतुलनीय रहेको छ । एड्सको महामारीलाई अन्त्य गर्नका लागि हामी सबैको प्रतिबद्धता, प्रयास र लगानीलाई अझ रणनीतिक, सशक्त, सुदृढ र तीब्र बनाउन जरूरी छ र यसका लागि राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र हार्दिक आह्वान गर्दछ।

हाल सम्मको एचआईभी कार्यक्रमको उपलब्धिको लागि निम्न वेवलिंकमा हेर्नुहोला : https://www.ncasc.gov.np/WAD2020/

**एचआईभी सम्बन्धी थप जानकारीको लागि सम्पर्क राख्नुहोस् :**
राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु www.ncasc.gov.np

डा. सुधा देवकोटा
निर्देशक